आज मिति २०७६।०४।०८ गते बुधवारका दिन यस देवचुली नगरपालिका का नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३५ औं बैठक बस्यो।

उपस्थिति

| सि.नं | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिरबहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्रबहादुर सिंजाली | " | |
| ११.) | श्री मेखबहादुर थापा साह मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेशबहादुर ढाका | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिलबहादुर खत्री | " | |
| १६.) | श्री हेमराज ज्ञवाली | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशरबहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णुप्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोजबहादुर माझी | " | |
| २८.) | श्री ओमनारायण महतो | नगर सभा सदस्य | |
| २९.) | श्री विष्णु प्रसाद भुसाल | सदस्य-सचिव | |

Scanned by CamScanner

अन्य आमन्त्रित

१.) श्री जीवलाल श्रेष्ठ – प्रशासन, योजना अनुगमन अधिकृत
२.) श्री श्रीभद्र पौडेल – लेखा अधिकृत
३.) श्री सावित्रा पन्थी – प्रशासकीय अधिकृत
४.) श्री सुनिल पौडेल – आर्थिक विकास शाखा प्रमुख
५.) श्री सन्तोष काफ्ले – इन्जिनियर
६.) श्री कृष्णहरी सापकोटा – सूचना प्रविधि अधिकृत
७.) श्री मोतिप्रसाद रिजाल – शाखा अधिकृत
८.) श्री रितराम बस्याल – इन्जिनियर

१. मिति २०७६ जेष्ठ ७ गते साँझ यस नगरपालिकाको विभिन्न वडाहरुमा आएको हावाहुरीको कारणबाट क्षति भएका घर, गोठ, टहरा, पशु पंक्षी, बालीनालीको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क. तत्काल घरघरमा गई पूर्ण र आंशिक विवरण लिई क्षतिको मूल्य यकिन गर्ने।

ख. यकिन भएको क्षतिको विवरण जिल्ला विपद् व्यबस्थापन समिति, प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय र संघीय सरकारको गृह मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाई राहतको लागि अनुरोध गर्ने।

ग. विपदमा परेका परिवारको राहत तथा पुनर्निमाणको लागि रेडक्रस, निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था लगायत विभिन्न संघ संस्थालाई सहयोगको लागि आव्हान गर्ने।

घ. विपद् व्यबस्थापनको लागि नगद तथा जिन्सि सहयोग गर्न चाहनेहरुको लागि मेयर विपद् राहत कोष स्थापना गरी नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा खाता खोली सहयोग रकम जम्मा गर्न आव्हान गर्ने र उक्त कोषमा जम्मा भएको रकम विपद् व्यबस्थापन समितिको निर्णय बमोजिम विपदमा परेका व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने।

२. तत्काल राहत उपलब्ध गराउन बजेट अभाव भएकोले यस आ.व. को लागि छुट्याएको उद्यम विकास कोषको खर्च नभई बाँकी रहेको रकम मध्ये रु १० लाख विपद् व्यबस्थापन कोषमा जम्मा गर्ने।

३. पूर्ण क्षति भएका घर (छानाको दुबैतर्फको भाग उडाएको) को लागि तत्काल रु २० हजारको बाहक चेक सम्बन्धित घरधनीलाई वडा समितिले निर्णय गरि सिफारिस गरेको आधारमा उपलब्ध गराउने।

४. आशिंक क्षतिको हकमा घर मर्मत् सम्भार नगरि बस्न योग्य नभएको भनि वडा समितिले ~~~~ निर्णय गरि सिफारिस गरेको आधारमा रु ३ हजारदेखि रु १० हजार सम्मको चेक उपलब्ध गराउने।

५. कुनै व्यक्ति, संस्था वा निकायले विपद् पिडितलाई राहत उपलब्ध गराउन चाहेमा नगरपालिकाको स्वीकृति लिई वडा समिति मार्फत् मात्र राहत वितरण गर्न सक्नेगरी एकद्वार प्रणाली कायम गरी राहत वितरणको व्यबस्था मिलाउने।

६. हावाहुरी र असिनाको कारणबाट पशुपंक्षी र वालीनालीमा भएको क्षतिको विवरण लिई सम्बन्धित निकायमा राहतको लागि अनुरोध गर्ने।

७. हावाहुरीको कारणले बाटो अबरुद्ध भएको स्थानहरुमा तत्काल यातायात सुचारू गर्न साधन परिचालन गर्ने।

८. हावाहुरीका कारण क्षति भएका भिमसेन आदर्श मा.वि. को आधारभुत तथा मा.वि. तह र मनकामना प्रा.वि.को भवन मर्मत सम्भारको लागि क्षति मूल्याङ्कन गरी उचित राहत उपलब्ध गराउने।

९. हावाहुरी र असिनाबाट हुन गएको क्षतिप्रति दुख व्यक्त गर्दै सबै प्रकारका विपदबाट सुरक्षित रहन सबै नगरबासीलाई अनुरोध गर्ने।

२०७६।०२।०८

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

१०. यस कार्यालयबाट च.न. २०९८ मिति २०७६/०१/१६ गते तराई मधेश समृद्धि कार्यक्रम, नंया बानेश्वर काठमाडौंलाई पठाईएको पत्रानुसार आ.व. २०७५/०७६ मा स्वीकृत दिव्यनगर-मुक्तिक्षेत्र-जनबस्ती-मृत्युङ सडक कालोपत्रे आयोजनाको लागि बोलपत्रबाट बचत भएको रकम रु ३१,२४,२३३।- र केउरानी देखि नारायणी नदी किनारसम्म सडक कालोपत्रे आयोजनाबाट बचत रकम रु १४,६८,५४६।- सोही आयोजनामै थप निर्माण कार्यमा लगाई कार्यान्वयन गर्न हुन भनी मौखिक जानकारी प्राप्त भएको र यथाशिघ्र पत्र पठाईने जानकारी भएकोले उक्त आयोजनाको पुनः बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया गर्न समय अभावका कारण सम्भव नदेखिएकोले सम्बन्धित आयोजना स्थलका उपभोक्ता समिति मार्फत बचत रकमको लागत अनुमान पुनः तयार गरी सम्झौता गर्ने गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner